

**के तपाईको घर पा( नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

**चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।**

**सम्पर्कः प्रगति ट्रेड कर्न्सन**

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



**रु. १.५ मा**

**कलर भिजिटिङ कार्ड साथै**

**तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा**

**सम्पर्कः**

**०६१-५७०६५१, ९८५६०७५५७५**



❑ वर्ष २४ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ३ गते बुधबार ❑ 19 July 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## शोकको घडीमा सबैको साथ र सद्भावले पीडाबाट निस्कन मद्दत गऱ्यो: प्रधानमन्त्री दाहाल

**रासस**

काठमाडौं, २ साउन

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जीवनसङ्गिनी सीताको निधनको शोकको घडीमा सबैको साथ, संवेदना र सद्भावले आफूहरूलाई पीडाबाट निस्कन मद्दत गरेको बताउनुभएको छ ।

पत्नी सीताको निधन भएको सातौँ दिनको सन्दर्भ पारेर प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार आयोजित श्रद्धाञ्जली कार्यक्रममा उहाँले सबै पक्षको सहानुभूतिबाट देश र समाजप्रति थप जिम्मेवार हुन प्रेरित गरिरहेको आफूलाई महसुस गरेको बताउनभयो । प्रधानमन्त्री दाहालले छोरा र छोरी गुमाउँदाको पीडामा पनि शरीरले साथ दिएसम्म पत्नी सीता दृढतापूर्वक उभिएको स्मरण गर्नुभयो । उहाँले राज्यबाट कुनै सुविधा नलिई उपलब्ध र लाभदायी हुनसक्ने सबै खाले पद्धतिबाट उपचारको प्रयास गरिएको बताउनुभयो ।

"सीता थला परेपछि अन्तिम अवस्था दुःखदायी हुन्छ कि भन्ने हामीलाई चिन्ता थियो, अन्तिम अवस्थामा आइसियू वा भेन्टिलेटरमा पीडादायी मृत्युवरण देख्नुपर्छ कि डर पनि थियो, तर बाँच्दासम्म अरूलाई पीडा दिन नजानेकी सीताले मृत्यु पनि निकै शान्त रोजिन्", प्रधानमन्त्री दाहालले भन्नुभयो । उहाँले अस्पतालदेखि पार्टी कार्यालयसम्म, आर्यघाटदेखि बालुवाटारसम्म सीताले पाएको सम्मान र श्रद्धाञ्जली त्याग तपस्या र बलिदानप्रति जनताको न्याय र सम्मान हो भन्ने आफूले ठानेको बताउनुभयो । सीताको निधनमा प्रकट भएका जनअभिव्यक्ति र जनउभारले आफू र आफ्नो परिवारलाई देश र जनताप्रति अझ ठूलो जिम्मेवारी बोध गराएको उहाँले बताउनुभयो ।

नेपाली समाजमा व्याप्त आर्थिक, सामाजिक र सांस्कृतिक असमानताको अन्त्य गर्न आफूलाई बाँकी जीवनमा झनै सक्रिय भएर सशक्त भूमिका निर्वाह गर्नुपर्छ भन्ने प्रेरणा मिलेको भन्दै प्रधानमन्त्री प्रचण्डले बताउनुभयो । "शोकको यो घडीमा मित्रराष्ट्र र संसारभरका सबै राष्ट्रप्रमुख र सरकार प्रमुखबाट हामीले अत्यन्त आत्मीय सहानुभूति र ऐक्यबद्धता पायौँ", उहाँले भन्नुभयो, "कूटनीतिकजगत्, राजनीतिक दल र नेतृत्व वर्ग, सञ्चारजगत्, कर्मचारीतन्त्र, सुरक्षा निकाय, बुद्धिजीवी, साहित्यकार, कलाकार, सङ्गीतकर्मी, व्यवसायी र समाजका सबै तप्काको समवेदना र सहानुभूतिले हाम्रो पीडामा ठूलो मलहम लगाउने काम गरेको छ ।" उहाँले सबै पक्षको सहानुभूतिका लागि आफू, सरकार, पार्टी र परिवारका तर्फबाट धन्यवादज्ञापन गर्नुभयो । श्रद्धाञ्जली सभामा उपराष्ट्रपति रामसहायप्रसाद यादव, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, प्रधानन्यायाधीश हरि कृष्ण कार्की, पूर्वप्रधानमन्त्रीहरू, मन्त्रीगण, सांसद, कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता लगायतको उपस्थिति थियो । सो अवसरमा प्रधानमन्त्री पत्नी सीताको व्यक्तिगत तथा राजनीतिक योगदान समेटिएको वृत्तचित्र प्रस्तुत गरिएको थियो । श्रद्धाञ्जली कार्यक्रमपछि प्रधानमन्त्री निवासमा जलपान कार्यक्रमको आयोजनासमेत गरिएको थियो । प्रधानमन्त्री पत्नी सीताको गत असार २७ गते ६९ वर्षीय उमेरमा निधन भएको थियो ।

## नयाँ सम्बन्ध प्रक्रियालाई बढाउनुपर्छ : उपकुलपति प्राडा अर्याल

**पोखरापत्र संवाददाता**

पोखरा, २ साउन

पोखरा विश्वविद्यालयका उपकुलपति प्राडा प्रेमनारायण अर्यालले नयाँ सम्बन्धन प्रक्रियालाई अघि बढाउनुपर्नेमा जोड दिनुभएको छ ।

पोखरा विश्वविद्यालयको २७औँ स्थापना दिवसका अवसरमा सोमबार आयोजित कार्यक्रममा उहाँले विश्वविद्यालयलाई निजी क्षेत्रको सहभागितामा सञ्चालन गर्ने प्रावधान भएकाले नयाँ सम्बन्धन प्रक्रियालाई अगाडि बढाउनुपर्ने बताउनुभयो । "पोखरा विश्वविद्यालयमा सरकारको लगानी ज्यादै न्यून रहेकाले आफैँमा धानिन सक्ने गरी आङ्गिक कलेजको विस्तार तथा नयाँ विधा र क्षेत्रमा नयाँ कलेजलाई सम्बन्धन दिनुपर्छ", उहाँले भन्नुभयो, "कलेजहरूको नियमित अनुगमन गर्ने र नचलेका कार्यक्रम खारेज गर्ने, प्राज्ञिक सुधारका लागि शिक्षक, विद्यार्थीलाई अनुसन्धान र उद्यमशीलतामा प्रेरित गर्ने र कर्मचारीलाई तालिम प्रशिक्षण दिने, पाठ्यक्रमलाई परिमार्जन गर्दै जाने नीति विश्वविद्यालयको रहेको छ ।" पोखरा विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा तीर्थराज अर्यालले शिक्षकले अनुसन्धान र थेसिस गाइडलाई प्राथमिकतामा राखी आफ्नो योग्यता अद्यावधिक गर्दै जानुपर्ने आवश्यकता औँल्याउनुभयो । विश्वविद्यालयका रजिष्ट्रार प्राडा दीपकबहादुर भण्डारीले विश्वविद्यालयको आम्दानीको मुख्य स्रोत भनेको नै विद्यार्थी भएकाले नयाँ-नयाँ ठाउँमा रोजगार र बजारमुखी कार्यक्रम सञ्चालन गरी विद्यार्थी भर्नादर बढाउनुपर्नेमा जोड दिनुभयो । मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डीन सह प्राडा अजय थापाले विश्वविद्यालय शून्यबाट सञ्चालन भई आज स्नातक, स्नातकोत्तर, एमफिल तथा विद्यावारिधि तहमा कार्यक्रम सञ्चालन गरेको र ६६ वटा कलेजअन्तर्गत ६४ वटा कार्यक्रम सञ्चालन गरी ३७ हजारभन्दा बढी विद्यार्थी अध्ययरत रहेको उल्लेख गर्दै यो गर्व गर्न लायकको छ भन्नुभयो । पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि सङ्कायका डीन प्रा राजेशकुमार ठगुराठीले विश्वविद्यालयलाई सबैले आफ्नो घर सम्झी कार्य


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## डा. जगमान गुरुङद्वारा रुद्रबहादुर कार्की स्मृतिग्रन्थ विमोचन

**पोखरापत्र संवाददाता**

पोखरा, २ साउन

आधुनिक पोखराका अभियन्ता रुद्रबहादुर कार्कीको ९९ औं जन्मदिनको छेको पारेर नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा.जगमान गुरुङले 'रुद्रबहादुर कार्की स्मृतिग्रन्थ' विमोचन गरे ।




प्रमुख अतिथि डा. जगमान गुरुङले 'अंशको कुरा वंशलाई जातको कुरा भताहलाई' जस्तै आफूले वि.सं.२०१८ सालदेखिको पोखरा र यहाँका रैथानेलाई नियाल्न पाएको स्मरण गर्दै कार्कीले दिएको योगदानको चर्चा गरे । डा.गुरुङले भने 'आजको पोखराको जग रुद्रबहादुर कार्कीले २० को दशकमै कोरेका कारण पोखरा सहरोन्मुख भएको हो । कार्कीले पथ प्रदर्शन गरेको मार्गलाई सन्ततिले अग्रजको योगदानलाई अभिलेखीकरण गर्नु स्तुत्य भएको जनाए । कार्यक्रममा जोर्ज जोन, डा. अनिल सुवेदी, विश्वमोहन गौचन, बद्रविनोद प्रतीक, हरिदेवी कोइरालाले कार्कीसँगको सङ्गत र व्यक्तित्वमाथि आआफ्ना विचार राख्दै पोखराका लागि कार्की गर्व गर्न लायक र अनुकरणीय व्यक्तित्व भएको बताए । वक्ताहरूले तत्कालीन अञ्चलाधीश शंकरराज पाठक र पदमबहादुर खत्रीले जस्तै पोखरालाई पोखरा बनाउन १८ जना प्रधानपञ्च मध्ये कार्कीले उल्लेखनीय भूमिका खेलको स्मरण गरे ।

स्मृतिग्रन्थमा समेटिएका आलेखहरूको समीक्षा गर्दै प्राडा ज्ञानबहादुर कार्कीले तत्कालीन पोखराको बाटो चाक्लो बनाउने, नयाँशिक्षा लागु गर्ने, कृषि उत्पादन बढाउन रवी बाली लगाउने, हेरालो र काञ्जी हाउसको व्यवस्था गर्ने, खानेपानीका धारा जोड्ने, खोला नियन्त्रण र बाँध बनाउने, प्रशासनिक संरचना बनाउने, अन्तर्राष्ट्रिय विमानस्थल, बसपार्क लगायत विकास निर्माणका कामको खाका तयार गर्ने, आधुनिक पोखराको जग हाल्ने काममा कार्कीले विशिष्ट योगदान दिएको चर्चा गरे । रुद्रबहादुर कार्की स्मृतिग्रन्थ प्रकाशन समितिद्वारा आयोजित कार्यक्रममा वि.सं. २०२८ देखि २०३१ सम्म पोखरा नगर पञ्चायतका प्रधानपञ्च भएका कार्कीको राजनीतिक जीवन, उनले आधुनिक पोखरा बनाउन गरेको पहल र विकासका क्षेत्रमा पुऱ्याएको योगदानसम्बन्धी लेखिएका आलेख, अभिलेख र संस्मरणहरू समावेश गरिएको छ । २ सय ६० पृष्ठमा संरचित स्मृतिग्रन्थको सम्पादन प्राडा कृष्ण के.सी., प्राडा दिलबहादुर क्षत्री र उपप्राध्यापक सुरेश रानाभाटले गरेका थिए भने आवरण विम्बकवि प्राज्ञ रमेश श्रेष्ठले तयार गरेका थिए । कार्कीको जन्म वि.सं. १९८१ असार २९ गते र मृत्यु वि.सं. २०७८ चैत्र ७ गते भएको थियो । स्मृतिग्रन्थ प्रकाशन समितिका अध्यक्ष टीकाबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न कार्यकक्रमा अश्विन कार्कीले स्वागत मन्तव्य राखेका थिए भने सञ्चालन दीपेन्द्र श्रेष्ठले गरेका थिए ।

## सोह्रौँ योजनाका लागि यस्ता छन् जनप्रतिनिधिका सुझाव

**पोखरापत्र संवाददाता**

पोखरा, २ साउन

नेपालको सोह्रौँ र गण्डकी प्रदेशको दोस्रो योजना (२०८१/८२-२०८५/८६)का लागि गण्डकी प्रदेश नीति तथा योजना आयोगले स्थानीय तहका जनप्रतिनिधिसँग सुझाव लिएको छ ।

पोखरास्थित आयोगको कार्यालयमा सोमबार आयोजित आवधिक योजनाको अवधारणापत्र तर्जुमासम्बन्धी अन्तर्क्रियामा स्थानीय तहका प्रमुखले योजना निर्माण यथार्थपरक, व्यवहारिक र कार्यान्वयनयोग्य हुनुपर्नेमा जोड दिए । नवलपुरको हुप्सीकोट गाउँपालिकाका अध्यक्ष एवं गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष लक्ष्मी पाण्डेले पञ्चवर्षीय योजनाले दिगो विकासको आधार तय गर्नुपर्ने बताउनुभयो । उहाँले योजना तुर्जमामा तीनै तहका सरकारबीच समन्वय र सहकार्य हुनुपर्ने उल्लेख गर्नुभयो । "योजना बनाउँदा नागरिकलाई प्रत्यक्ष छुने र लाभ मिल्ने गरी बनाउनुपर्छ, आवधिक योजना बौद्धिक दस्तावेजजस्तो नभई कार्यान्वयनयोग्य हुनुपर्छ", अध्यक्ष पाण्डेले भन्नुभयो, "प्राकृतिक स्रोतको संरक्षण तथा उपयोग र वातावरण संरक्षणजस्ता मुद्दालाई पनि योजनामा समावेश गर्नुपर्छ।" पोखरा महानगरको सहरी योजना आयोगका उपाध्यक्ष प्रेम लामिछानेले नेपालको अर्थव्यवस्था कस्तो हुने भन्ने विषयलाई आवधिक योजनाले दिशानिर्देश गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले चालु खर्च बढ्दै जानु र पुँजीगत बजेट न्यून हुँदा विकास निर्माणमा असर पुगेको बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तहलाई संविधानले दिएका साझा तथा एकल अधिकारको प्रयोगका लागि कानुनी र संरचनागत प्रबन्ध नहुँदा सङ्घीयता कार्यान्वयनमा चुनौती थपिएको उपाध्यक्ष लामिछानेको भनाइ थियो । जिल्ला समन्वय महासङ्घ गण्डकीका अध्यक्ष लीलाधर पौडेलले तीनै तहका सरकार सुशासनमा चुकेको बताउनुभयो । उहाँले विगतका कमजोरीबाट शिक्षा लिएर दिगो विकास लक्ष्य हासिल गर्ने गरी आगामी योजना तय गर्नुपर्ने उल्लेख गर्नुभयो । खानेपानी, सडकजस्ता पूर्वाधार आयोजनालाई स्तरीय र व्यवस्थित बनाउनुपर्नेमा जोड दिँदै उहाँले बूढीगण्डकी र उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना निर्माणमा भइरहेको ढिलाइप्रति उहाँले गुनासो पोख्नुभयो ।

अध्यक्ष पौडेलले जिल्ला समन्वय समितिलाई पनि क्षेत्राधिकार र कार्यजिम्मेवारी तोकेर थप क्रियाशील बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । मनाङको नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले स्थानीय आय वृद्धि हुने गरी सरकारले योजना तर्जुमा गर्नुपर्ने बताउनुभयो । "स्थानीय तहले राजस्व उठाउन पाउनुपर्‍यो, मनाङमा यार्सागुम्बाबाट राम्रो राजस्व उठ्छ तर त्यसमा हाम्रो अधिकार छैन", उहाँले भन्नुभयो, "आन्तरिक स्रोत नहुँदा बजेट निर्माणदेखि कार्यान्वयनमा हामीलाई जटिल समस्या छ, हिमाली जिल्लालाई राज्यले विशेषरूपमा सम्बोधन गर्नुपर्छ ।" अध्यक्ष गुरुङले बाँदर, हिउँचितुवाजस्ता जनावरबाट स्थानीयवासीले हैरानी खेप्नुपरेको सुनाउनुभयो । "बाँदर नियन्त्रणमा सरकार गम्भीर बन्नुपर्‍यो, यो राष्ट्रव्यापी समस्या भइसक्यो, हिउँ चितुवाले पनि याक, चौँरीका बच्चा खाइदिएर उस्तै समस्या पारेको छ", उहाँले भन्नुभयो । तनहुँको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बाँदरबाट बालीनाली जोगाउन अब बाली नै फेर्नुपर्ने बेला आएको बताउनुभयो । "बाँदर किसानका लागि ठूलो समस्या भएर आएको छ, बाँदर लाग्ने ठाउँमा अब खेती नै फेरौँ, बाँदरलाई मन नपर्ने बाली लगाउन किसानलाई प्रेरित गर्ने खालको कार्यक्रम सरकारलले ल्याओस्", उहाँले भन्नुभयो । सरकारका पूर्वमुख्य सचिव डा सोमलाल सुवेदीले लोकप्रियतामुखी भन्दा दिगो योजना र कार्यक्रम सञ्चालन गर्न जनप्रतिनिधिलाई सुझाव दिनुभयो । उहाँले आयोजनाको वर्गीकरण गरेर आवश्यकताका आधारमा मात्र योजना वितरण गर्नुपर्ने बताउनुभयो ।

"स्थानीय अर्थतन्त्रको विकासमा जोड दिऔँ, गण्डकी प्रदेशको पहाडी र हिमाली क्षेत्रको सम्भाव्यता के हो ? त्यसको अध्ययन र अनुसन्धान गरेर योजना अगाडि बढाऔँ", उहाँले भन्नुभयो, "स्थानीय तहले पनि आफ्नो प्राथमिकता निर्धार गरेर योजना बनाउनुपर्छ ।" उहाँले योजना निर्माणको पद्धति र ढाँचा अझै सङ्घीयता अनुकूल हुन नसकेको उल्लेख गर्नुभयो । गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले छलफबाट आएका सुझावलाई राष्ट्रिय योजना आयोगमा पठाइने बताउनुभयो । नेपालको सोह्रौँसँगै गण्डकी प्रदेशको दोस्रो योजना तुर्जमाको तयारी सुरु भएको उहाँको भनाइ थियो ।

"आवधिक योजना निर्माणमा चरणबद्ध छलफल हुन्छ, प्रदेशका ११ वटै जिल्लामा पुगेर हामीले सुझाव लिन्छौँ", उहाँले भन्नुभयो, "लक्ष्य हासिल भएका योजनालाई सवलीकरण गर्दै जाने र अपूरा काम पूरा गर्ने गरी आवधिक योजना बन्छ ।" प्रदेश सरकारको पहिलो आवधिक योजना २०७६/७७ बाट कार्यान्वयमा आएको थियो । समृद्ध प्रदेशको आधारशिला तयार गर्ने उद्देश्यसहित उक्त पञ्चवर्षीय योजना बनेको थियो । पहिलो योजनाले समाजवादोन्मुख, उत्पादनमुखी र आत्मनिर्भर अर्थतन्त्र, दिगो ऊर्जा सुरक्षा, कृषिको आधुनीनिकरण, कृषि प्रशोधन तथा खनिज उत्खनन, उद्योगधन्दा स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षा, पर्यटनलगायतका विषयलाई समेटेको थियो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



**पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।**

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१–५७०६५१

# वर्ल्ड च्याम्पियनसिपमा नेपालका चार खेलाडीले भाग लिने

पोखरापत्र संवाददाता
पोखरा, २ साउन

जापानको फुकुओका सहरमा आयोजना हुने वर्ल्ड एक्वाटिक च्याम्पियनसिप-२०२३ मा नेपालका चार खेलाडीले सहभागिता जनाउने भएका छन् ।

सहभागी हुन जाने नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्क लाल घिसिङले सफलताको शुभकामना दिँदै बिदाइ गर्नुभयो । ओलम्पिकको छनोट प्रतियोगिता रहेको उक्त च्याम्पियनसिपमा गौरिका सिंह, एलेक्जेन्डर गादेगाद शाह, डुवाना लामा र नासिर याह्या हुसेनले प्रतिस्पर्धा गर्नेछन् । नेपाल पौडी सङ्घका अध्यक्ष अशोक बज्राचार्यको नेतृत्वमा जापान जाने टोलीमा टिम प्रशिक्षकमा ओलम्पियन नयना शाक्य, टिम ब्यवस्थापकमा नरेश बैद्य र अफिसियलमा सञ्जय शाह हुनुहुन्छ । नेपाल पौडी सङ्घका अध्यक्ष बज्राचार्यले यही साउन ७ देखि १३ गतेसम्म आयोजना हुने च्याम्पियनसिपका दौरान हुने वर्ल्ड एक्वाटिक कंग्रेसमा पनि सहभागिता जनाउनुहुनेछ ।

उक्त च्याम्पियनसिपअर्न्गत यही साउन ७ गते नासिरले चार सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्ने छन् भने साउन ८ गते गौरिकाले सय मिटर ब्याकस्ट्रोकमा प्रतिस्पर्धा गर्नेछिन् । सोही दिन नासिरले दुई सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् । साउन ९ गते डुवानाले दुई सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछिन् भने १० गते गौरिकाले ५० मिटर ब्याक स्ट्रोक र एलेक्जेन्डरले एक सय मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् । ११ गते डुवानाले एक सय मिटर फ्रिस्टायलमा र १२ गते एलेक्जेन्डरले ५० मिटर फ्रिस्टायलमा प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोली बुधबार जापान प्रस्थान गर्नेछन् ।

# ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

**प्रकाशित मिति २०८०/०४/०३**

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि. बाट तपसीलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पत्ति धितो सुरक्षणमा राखी ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्ने बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समय भित्र नतिरी नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा समेत आफूले बुझाउनुपर्ने पूरा रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज एवं हर्जना तथा अन्य दै दस्तुर रकम बुझाउनु हुन यो सूचना जारी गरिएको छ। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई धितो सुरक्षण बापत लेखी लेखाई दिएको धितो चल अचल श्रीसम्पत्तिबाट सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी संस्थाले लेना असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सुचित गरिन्छ। कथमकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा ठहरिएमा वा कुनै कारणले लिलाम बिक्री हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताको नाममा रहेको अन्य जायजेथा तथा घरघरानाबाट समेत असुल उपर गरिलिइने समेत जानकारी गराईन्छ।

**तपसील :**

| क्र.सं | ऋणीको नाम र ठेगाना | धनजमानी कर्ताको नाम र ठेगाना | धितोमा रहेको सम्पत्ति |
|---|---|---|---|
| १ | नाम : राम बहादुर नेपाली<br>बाबुको नाम : भक्त बहादुर नेपाली<br>बाजेको नाम : भोटे नेपाली<br>ठेगाना : पो.म.न.पा.१५, कास्की<br>ना.प्र.नं. : ५७३९, धादिङ कास्की<br>जारी मिति : २०५१/०५/०६ | १. नाम : मैंया नेपाली<br>पति : राम बहादुर नेपाली<br>ससुरा : भक्त बहादुर नेपाली<br>ठेगाना : पो.म.न.पा.१५,कास्की<br>२. नाम : उमेश बिसुन्के<br>बाबु : राम बहादुर नेपाली<br>बाजे : भक्त बहादुर नेपाली<br>ठेगाना : पो.म.न.पा.१५, कास्की | राम बहादुर नेपालीको नाममा यातायात व्यवस्था कार्यालय कास्कीमा दर्ता रहेको ३ थान गाडीहरु ग २ ख ७१, ग २ ख ८० र ग १ ख ८९५२ |
| २ | नाम : लक्षिन कुमारी गुरुङ<br>पतिको नाम : धनसुवा गुरुङ<br>ससुराको नाम : हर्क बहादुर गुरुङ<br>ठेगाना : पो.म.न.पा.१३,कास्की<br>ना.प्र.नं. : ३९७/१२५, कास्की<br>जारी मिति :<br>२०४३/१०/२१ कास्की | १. नाम : धनसुवा गुरुङ<br>बाबु : हर्क बहादुर गुरुङ<br>बाजे : नरपति गुरुङ<br>ठेगाना : पो.म.न.पा.१३, कास्की<br>२. नाम : मेर सुब्बा गुरुङ<br>बाबु : धनसुवा गुरुङ<br>बाजे : हर्क बहादुर गुरुङ<br>ठेगाना : पो.म.न.पा.१३, कास्की | लक्षिन कुमारी गुरुङको नाममा मालपोत कार्यालय कास्कीमा जग्गाधनी लालपूर्जा कायम रहेको पो.म.न.पा १३ स्थित कि.न. २२५ र २२७ कुल क्षेत्रफल ११२.३५ व.मी. र सो जग्गामा रहेको घर समेत । |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

विस्तृत जानकारीको लागि
**कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-८, सभागृहचोक
फोन नं ०६१-५८०७९६, ५४४७९५

# नयाँ...

गर्नुपर्ने बताउनुभयो। उहाँले विद्यार्थी कलेक्सन नभई सेलेक्सनबाट लिनसक्ने गरी विश्वविद्यालय बनाउनुपर्नेमा जोड दिनुभयो । पोखरा विश्वविद्यालय सभाका सदस्य रामबाबु भण्डारीले पोखरा विश्वविद्यालय सञ्चालनमा धेरै चुनौती र अवसर दुवै रहेको उल्लेख गर्दै यसको उन्नति र प्रगतिमा सबै एकजुट भएर तन, मन र कर्मका साथ लाग्नुपर्नेमा जोड दिनुभयो । पोखरा विश्वविद्यालय स्वास्थ्य विज्ञान सङ्कायका डीन सह प्राडा अमर नागिला, व्यवस्थापन सङ्कायका डीन सह प्राडा दयाराज ढकाल, परीक्षा नियन्त्रक सह प्रा तुल्सीराम भण्डारी, कार्यकारी परिषद्का सदस्य उपप्राध्यापक योगराज लामिछाने, पोखरा विश्वविद्यालय योजना तथा कार्यक्रम महाशाखा प्रमुख प्रा डा दीपकराज पौडेल, प्राध्यापक सङ्घका सभापति सह प्राडा निरञ्जन श्रेष्ठलगायतले विश्वविद्यालयले शैक्षिक गुणस्तरीयतालाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थापना भएको २६ वर्ष पूरा भई २७औं वर्ष लागेको पोखरा विश्वविद्यालय ऐन, २०५३ विसं २०५४ साउन १ गतेदेखि जारी भई लागू भएकाले हरेक वर्ष साउन १ गतेलाई पोखरा विश्वविद्यालय स्थापना दिवसका रूपमा मनाइँदै आइएको छ । दिवसका अवरमा विश्वविद्यालयले सोमबार विश्वविद्यालय प्राङ्गण लेखनाथमा सरसफाइसमेत गरेको थियो ।

# पत्रकार राम गुरुङलाई 'रामलाल श्रीमाया राष्ट्रिय फोटोग्राफी पुरस्कार'

पोखरापत्र संवाददाता
पोखरा, २ साउन



फोटो पत्रकार राम गुरुङलाई छैटौं 'रामलाल श्रीमाया राष्ट्रिय फोटोग्राफी पुरस्कार' प्रदान गरिने भएको छ ।

पोखरामा मंगलबार पोखरा फोटोग्राफर संघको ४२ औं वार्षिकोत्सवका अवसरमा गुरुङलाई सो पुरस्कार प्रदान गर्ने घोषणा गरिएको हो । पुरस्कार छनोट समीति संयोजक घनश्याम पौडेल, फोटोपत्रकार संघ कास्की अध्यक्ष दुर्गा प्रसाद पौडेल, पोखरा फोटोग्राफर संघका अध्यक्ष रामचन्द्र पोखेल, देवानन्द पोखेल, सन्देश उदास, टिकाराम पराजुली र अक्षयकोषदाता तिर्थ श्रेष्ठ सदस्य रहेको समितिले गुरुङको नाम सिफारिस गरेको थियो ।

पोखरा फोटोग्राफर संघका संरक्षक तथा पूर्व अध्यक्ष गणेश छवी र उनकी धर्मपत्नी तिर्थ श्रेष्ठले आफ्ना स्वर्गिय पिता माताको नाममा स्थापना गरेको सो पुरस्कार फोटोग्राफीको माध्यमबाट समाजमा उल्लेखनिय भूमिका खेल्ने बरिष्ठ फोटोग्राफर हरुलाई प्रदान गरिदै आएको छ। प्रत्येक २ वर्षमा प्रदान गरिने यो पुरस्कार राशी नगद रु २५,५५५ र सम्मानपत्र रहेको छ। गुरुङलाई विश्व फोटोग्राफी दिवस अगस्ट १९ को अवसर पारेर आगामी भदौ २ गते एक कार्यक्रमका बिच यो पुरस्कार बितरण गरिने संघले जनाएको छ। यस अगाडी यो पुरस्कारबाट पोखराका बरिष्ठ फोटोग्राफर बिश्वरत्न शाक्य, नारायण बाटाजू, रमा राना, मदन सुब्बा र दमौलीका कुमार मोहन श्रेष्ठ सम्मानित भइसकेका छन । पोखरा सिटी डटकमका सञ्चालक पत्रकार गुरुङ बिगत २४ वर्ष देखी पोखरा क्षेत्रमा फोटो पत्रकारितामा क्रियाशिल छन्। उनी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न फोटोग्राफी तथा फोटोपत्रकारिता पुरस्कारबाट सम्मानित भइसकेका छन् । उनी सहाराखेलकुदपत्रकारितापुरस्कार२०६७, राष्ट्रिय फोटोपत्रकार अवार्ड २०७३, तमु पत्रकारिता प्रोत्साहन पुरस्कार २०७४, आदिबासी जनजाती महासंघ स्वतन्त्र फोटोपत्रकारिता अवार्ड २०७४, नेपाल भूतपूर्व खेलाडी मञ्च पत्रकारिता पुरस्कार २०७८, गजेन्द्र भण्डारी स्मृती पुरस्कार २०७७ लगायत थुप्रै पुरस्कारबाट सम्मानित भइसकेको छन् ।

## Embassy of India Kathmandu (Nepal)

# Vacancy Announcement

1. ECHS Branch, Defence Wing, Embassy of India invites applications for the following post for ECHS Polyclinic Pokhara:-

| S.N. | Vacancy for the Post | Place |
|---|---|---|
| 1. | Nursing Assistant | ECHS Polyclinic Pokhara |


2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address by 06 Aug 2023.

**Pokhara**
**Officer-in-Charge**
**ECHS Polyclinic**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**
**Tele No. : 061-433232, 433477**

# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# बैठकलाई पारदर्शी बनाउन कांग्रेसले अग्रसरता

नेपाली कांग्रेस केन्द्रीय समितिको बैठक पहिलोपटक लाइभ भएको छ । कांग्रेस सभापति शेरबहादुर देउवाले प्रचार चाहनेलाई पत्याउनै नसक्ने गरी केन्द्रीय समितिको बैठक लाइभ गराएका छन् । लगातार दोस्रो कार्यकाल पनि सभापति भएका देउवाको कार्यशैलीलाई लिएर इतर पक्षको आरोपलाई कमजोर बनाउन बैठक लाइभ गर्ने निर्णय गरेर राजनीतिलाई तरंगित बनाइदिएका छन । पार्टीका बैठकमा एउटा कुरा हुने तर बाहिर आएर अर्कै बोलिदिने नेतालाई साइजमा ल्याउन खोजेका छन ।

'भित्र एउटा कुरा हुन्छ बाहिर अर्कै आउने अवस्थाको अन्त्य गर्न लाइभ गर्नुपर्थ्यो देउवाले त्यही गरे । सभापतिले आफ्नै प्रस्तावमा केन्द्रीय कार्यसमितिको बैठकमा बैठकका एजेण्डा प्रस्तुत गर्ने सहितका पहिलो बैठकलाई लाइभ नै गराइदिएर सकारात्मक सन्देश दिएका छन । अरु पार्टीका लागि पनि दबाब हो।देशको पुरानो लोकतान्त्रिक पार्टीले बैठक लाइभ गरेर नेताहरूलाई लिखित बोल्न र समय सिमामा बाँध्ने काम गर्छ।सरकारलाई निर्देशन गर्ने पार्टीका बैठकमा कस्ता विषयमा बहस हुन्छ र निर्णयमा कसरी पुग्छन भन्ने जनताले थाहा पाउने अवसर पनि हो ।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आफू अनुकूलका सूचना बाहिर चुहाएर भ्रमजाल सिर्जना गर्ने गरेकोबाट आजित भएका देउवाले बैठकको लाइभ गरिदिने 'आइडिया' निकालेको तर्क गर्ने कांग्रेसबृतमा छन । केन्द्रीय समितिको बैठकअघि सोमवार बसेको कांग्रेस पदाधिकारीको बैठकमा नै देउवा आफैंले बैठक लाइभ गर्ने प्रस्ताव गरेका थिए । पार्टी सधैं अपारदर्शी भयो भन्ने आरोप लगाउँदै आएका महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले पनि यसको विरोध गर्ने अवस्था भएन ।

नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले केन्द्रीय समिति बैठक लाइभ गर्ने निर्णय सुनाउँदा मंगलवार कतिपय सदस्यहरू भस्किएका थिए । सभापतिको प्रस्तावअनुसार नै कांग्रेसको केन्द्रीय समितिको बैठक मंगलवार पार्टीको आधिकारिक फेसबुक पेजबाट प्रत्यक्ष प्रसारण गरिएको थियो । केन्द्रीय समिति बैठक लाइभ गर्दा नेताहरूले मर्यादित कुरा बोलेको उपस्थिति पनि राम्रो देखिएको थियो ।

'कांग्रेसका कार्यकर्ता र शुभेच्छुकले घरमै बसेर कांग्रेसका निर्णय हेर्न पाएका छन।यसले कांग्रेसलाई झन् पारदर्शी बनाउँछ। अन्य दलका लागि पनि बैठकलाई कसरी व्यवस्थित र पारदर्शी बनाउने पाठ हुनसक्छ । पार्टी संरचनामा दर्जनौं भद्रगोल व्यहोरिरहेको कांग्रेसले परम्पराबाट माथि उठ्दै कार्यकर्ता, नागरिक र सर्वसाधारणको पनि पहुँचमा पुग्ने गरी बैठक गरेपछि पुराना दल अब सुध्रिन खोज्दैछन् भन्ने संकेत पनि हो । 'एउटा जिम्मेवार प्रजातान्त्रिक पार्टीले पारदर्शी हुनुपर्छ भन्ने सोच राखेर यसरी बैठकलाई प्रत्यक्ष प्रसारण गर्नु सह्रानीय काम हो ।

राम्रा कुराको महत्त्व नहुने, मिडियासँग राम्रो सम्बन्ध भएका नेताले आफ्नो-आफ्नो पक्षका विषयलाई बाहिर ल्याउने अवस्थाबाट ठूला दलका नेता आजित हुँदै आएका छन् । बैठक प्रत्यक्ष नहुँदा पनि विषय बाहिर आउने तर फिल्टर हुने क्रमलाई प्रत्यक्ष प्रसारणले तोड्नेछ । 'बैठक पारदर्शी गरेपछि बैठकमा को जिम्मेवार भएर बोल्यो वा बोलेन थाहा हुन्छ । संस्थाको हितमा बोल्नेबारे कार्यकर्ताले थाहा पाउँछन् । राम्रो बोल्नेको मूल्यांकन कार्यकर्ता र जनताले गर्न पाउन पनि अब बैठक लाइभ हुनु आवश्यक छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# राहदानी बनाउनेको सङ्ख्या बढ्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, २ साउन

जिल्ला प्रशासन कार्यालय तनहुँबाट विद्युतीय राहदानी बनाउन सिफारिस गर्नेको सङ्ख्या आर्थिक वर्ष २०७९/८० मा ह्वात्तै बढेको छ । आर्थिक बर्ष २०७९/८० मा जिल्ला प्रशासन कार्यालयद्वारा २२ हजार ६ सय ७१ जनाको सिफारिस गरिएको छ ।

उक्त सङ्ख्या आर्थिक वर्ष २०७८/७९ को भन्दा १३ हजार आठ सय १७ जनाले बढी हो । जिल्ला प्रशासन कार्यालयबाट राहदानी सिफारिस गरिएको यो सङ्ख्या हालसम्मकै बढी भएको राहदानी फाँटका खरिदार सुमन थापामगरले जानकारी दिनुभयो । आर्थिक वर्ष २०७८/७९ मा कार्यालयबाट राहदानी सिफारिस गरिएको सङ्ख्या आठ हजार आठ सय ५४ रहेको थियो भने ६ हजार ६ सय १९ जनालाई राहदानी वितरण गरिएको थियो । विदेश अध्ययन गर्न जाने विद्यार्थी, वैदेशिक रोजगारीमा जाने तथा आफन्त भेट्न विदेश जानेको सङ्ख्या ह्वात्तै बढेको थापामगर बताउनुहुन्छ । आव २०७९/८० को साउनमा एक हजार ८२ महिला र एक हजार चार सय ७८ पुरुष, भदौमा ६ सय ५० महिला र एक हजार एक सय ४६ पुरुष, असोजमा चार सय १८ महिला र सात सय १२ पुरुष, कात्तिकमा चार सय २१ महिला र सात सय ९१ पुरुष, मङ्सिरमा चार सय ८ महिला र सात सय ८८ पुरुष तथा पुसमा छ सय १५ महिला र एक हजार एक सय ५३ पुरुषलाई राहदानीका लागि सिफारिस गरिएको कार्यालयको अभिलेखमा उल्लेख छ । यस्तै माघमा ६ सय ५२ महिला र एक हजार एक सय तीन पुरुष, फागुनमा ६ सय ५८ महिला र एक हजार एक सय ८८ पुरुष, चैतमा आठ सय ९५ महिला र एक हजार पाँच सय ३३ पुरुष, वैशाखमा सात सय ६७ महिला र एक हजार दुई सय ६३ पुरुष, जेठमा एक हजार ६३ महिला र एक हजार पाँच सय ६३ पुरुष तथा असारमा सात सय ८३ महिला र एक हजार एक सय ७० पुरुषलाई राहदानीका लागि सिफारिस गरिएको थियो ।

यस्तै एक सय ९८ नाबालकको सिफारिस गरिएको तथ्याङ्क छ । आव २०७९/८० मा राहदानी सिफारिसबाट अघिल्लो आवको भन्दा झण्डै दोब्बर राजस्व सङ्कलन भएको थियो । आव २०७९/८० मा रु आठ करोड ८५ लाख राजस्व सङ्कलन भएको थियो भने आव २०७८/७९ मा रु चार करोड ४२ लाख राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ ।

# आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, २ साउन

बागलुङ नगरपालिकाले आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना गरेको छ । केन्द्रमा एम्बुलेन्सका साथै दमकल, शववाहन, डोजर, ब्याक लोडर, उद्धार तथा राहतका लागि आवश्यक सामग्रीका साथै 'फायर सिलिन्डर'लगायत सामग्री तयारी अवस्थामा राखेको छ ।

नगरभित्र सडक पुगेका सबै बस्तीमा पुगेर बिरामीको उद्धार गर्ने उद्देश्यले नयाँ आर्थिक वर्षको सुरुवातसँगै केन्द्र स्थापना गरी केन्द्रबाट निःशुल्क एम्बुलेन्स सेवा सुरु गरिएको नगरपालिकाले जनाएको छ । आर्थिक वर्ष २०७९/८० मा विनियोजित बजेटबाट नगरपालिकाले वडा नं २ मा आवश्यक उपकरण राख्ने र कर्मचारी बस्ने गरी ट्रस भवन निर्माण गरेको छ । नगर क्षेत्रमा हुने विपद् व्यवस्थापन गर्न पालिकाले पूर्वतयारीका लागि संरचना निर्माण गर्नुका साथै आवश्यक सामग्री तयारी अवस्थामा राखेको नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । एम्बुलेन्स सेवा सञ्चालनमा आएसँगै अब कोही पनि नागरिक एम्बुलेन्स नपाएर अस्पताल नपुग्दै बाटोमै ज्यान गुमाउनु नपर्ने उहाँले बताउनुभयो ।

नगरभित्र हुने जुनसुकै विपद्मा परेकाको तत्काल उद्धार गर्ने गरी सम्यन्त्र तयार पारिएको नगरप्रमुख श्रेष्ठले जानकारी दिनुभयो । दमकलका लागि १२ हजार लिटरसम्मको पानी १२ मिनेटमै भर्ने व्यवस्था गरिएको भन्दै उहाँले आगलागी, बाढी पहिरो र अन्य विपद्बाट हुने क्षति कम गर्न नगरपालिकाले पूर्वतयारी गरेको बताउनुभयो ।

# खुदोले चिनिएको गाउँ ढोडबैँसी र मालेपाटन

**–ऋषिराम बराल**
लेखनाथ, २ साउन

पोखरा-३२ मालेपाटन निवासी ७५ वर्षीय लालकान्त अधिकारीले उखु खेती गर्न थालेको ५० वर्ष पुगिसक्यो, बाबुबाजेका पालादेखि अँगाल्दै आएको उखु खेती उमेरले नेटो काटिसक्दा पनि उहाँले छाड्न सक्नुभएको छैन ।

'चार छोरा, बुहारी र नातिनातिनी छन् तर उनीहरू उखु खेती गर्दैनन्, उखु खेती गर्न दुःख छ, दुईपटक त गोडमेल नै गर्नुपर्छ, रोगका किराबाट जोगाउनु पर्छ, उत्पादन हुन कम्तीमा १० महिना कुर्नुपर्छ, तर आम्दानी भने धानभन्दा दोब्बर हुन्छ, कृषक अधिकारीले भन्नुभयो, "अघिल्लो वर्ष चार रोपनीमा लगाएको उखु र खुदो बिक्रीबाट रु साढे दुई लाख आम्दानी गरेँ ।" "पुरानो जमाना त्यतिबेला पैसा देख्न पाइँदैन्थ्यो, खेतमा सिँचाइ पनि थिएन, पुर्खाहरूले धानको विकल्पमा उखु खेती गर्दै आएका रहेछन्, वर्षभरि उखु खेती गरी उत्पादन गरेको खुदो बिक्रीबाट छोराछोरीको शिक्षादीक्षा, पालनपोषण र वर्षभरि लागेको ऋण तिर्ने गरेको इतिहास पोखरा-३२ को मालेपाटन र ढोडबैँसीले बोकेका छन्", अधिकारीले भन्नुभयो, "युवा पुस्ता उखु खेतीभन्दा पनि विदेश जान रुचाउने गर्छन् ।" ढोडबैँसी र मालेपाटनमा उत्पादित खुदो पोखरा बजारमा प्रख्यात छ, पुस १५ र माघे सङ्क्रान्तिमा घरबाट खुदो खोसाखोस हुने गरेको उखु किसान यज्ञप्रसाद अधिकारीको भनाइ थियो । विगतका दिनहरूमा खुदो बिक्रीका लागि गाग्री र टिनहरूमा बोकेर पोखरा बजार जानुपर्थ्यो तर १५ वर्षयता गाउँबाट नै बिक्री हुने गरेको छ, बाँकी रहेको खुँदो स्थानीय मालेपाटन कृषि सहकारी संस्थाले प्रशोधन गरी बिक्रीका लागि बजारमा लाने गरेको छ । यतिबेला ढोडबैँसीमा तीन सय र मालेपाटनमा एक सय रोपनी जमिनमा उखु खेती गरिँदै आएको छ । उखु खेती प्रतिवर्ष घट्दो क्रममा छ । यहाँका ७० भन्दा बढी किसान व्यावसायिक उखु खेतीमा लागेका छन् । पोखरा महानगरपालिकाको यस वर्ष एक वडा एक पकेट क्षेत्र कार्यक्रमअन्तर्गत पोखरा-३२ को ढोडबैँसी र मालेपाटनलाई उखु पकेट क्षेत्र घोषणा गरी कृषि अनुदान सहयोग सुरु गरेको छ । चार सय रोपनी जमिनमा लगाइएको उखुबाट वार्षिक रु दुई करोडको खुदो उत्पादन हुने गरेको किसान पद्मराज तिवारीले सुनाउनुभयो । उखु खेतीसँगै उनीहरूले पशुपालनसमेत अगाडि बढाएका छन् । कास्कीमा व्यावसायिक रूपमा उखु खेती गरिने एकमात्र ठाउँ भनेकै ढोडबैँसी र मालेपाटनलाई मानिँदै आइएको छ । स्थानीय किसान मोहन धमालाले भन्नुभयो, "चैत, वैशाखदेखि उखु खेतीको तयारी सुरु गरी पुसमाघसम्म बाली भित्र्याउँछौ ।" उखुलाई अन्य बालीमा जस्तो पर्याप्त सिँचाइको आवश्यकता पर्दैन । खेतीयोग्य फाँट भए पनि ढोडबैँसीमा सिँचाइ सुविधा छैन । तराईमा उखुबाट चिनी वा सक्खर बनाइन्छ । पहाडमा भने उखुबाट खुदो नै बनाइन्छ । उखुका लाक्रा पनि बिक्छन् । पहाडमा चाम्रे बनाउँदा पनि खुँदो हाल्ने चलन छ । कोदाको ढिँडोलाई खुँदोमा डुबाएर खाने पनि गरिन्छ ।

उखुको पकेट क्षेत्र घोषणा गर्दै पोखरा महानगरपालिकाले उखु किसानलाई प्रोत्साहन, रोग तथा किरा नियन्त्रण र प्याकेजिङका लागि गत सोमबार रु १० लाख २० हजार प्रदान गरेको थियो । महानगरपालिकाको कृषि तथा पशु विकास महाशाखाका प्रमुख मनोहर कडरियाले उनीहरूलाई उक्त सहयोग रकम हस्तान्तरण गर्नुभएको हो । उहाँले उखुसँगै कागती उत्पादनमा पनि उपयुक्त जमिन रहेको जानकारी दिँदै कागती खेतीमा समेत लाग्न किसानलाई सुझाव दिनुभयो ।

"उखुको पात र बारीमा उम्रिएका घाँस तह लगाउन पनि गाईभैँसी पाल्नुपर्ने रहेछ, स्थानीय कृषक लीलादेवी धमलाले भन्नुभयो, "उखुबारी भित्रै पनि घाँस खेती गर्न सकिने भएकाले उखु र पशुपालन एकअर्काका सहायक भएका हुन् ।" बाँदर, दुम्सीलगायत जङ्गली जनाबरबाट उखुखेती जोगाउनुपर्ने भएकाले किसानलाई हैरानी भएको कृषक धमलाले सुनाउनुभयो । यहाँका किसानले बाँसकडा, जीतपुर, ग्यामरालगायत स्थानमाा उखु उत्पादन गर्दै आएका छन् । पोखरा-३२ का वडासदस्य तीर्थराज ओझाले पकेट क्षेत्र घोषणासँगै रोजगारीका लागि विदेश पुगेका युवालाई पनि उखुखेतीतर्फ आकर्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

**प्रदेश र्‍याफ्टिङ एण्ड क्यानोइङ संघ गठन सम्बन्धि अत्यन्तै जरुरी सूचना**

Nepal Rafting & Canoeing Association

गण्डकी प्रदेश स्तरिय र्‍याफ्टिङ एण्ड क्यानोइड संघ गठनको लागि निम्न मिति, समय र स्थानमा वृहत भेला आयोजना गरिएको हुँदा संघका सदस्य एवम् संघमा आवद्धभई कार्य गर्न इच्छुक, खेलाडि, पुर्व खेलाडि तथा शुभेच्छुक खेलप्रेमी महानुभावहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

मिति : २०८० साउन ४ गते बिहिबार
समय : बिहान ८ बजे
स्थान : पोखरा, कास्की
सम्पर्क नं. ९८५६०२३६०२

**विमा लेख हरायो**

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नामः परिता श्रेष्ठ**
**विमा लेख नं. १३०००६७८२**
**ठेगानाः भरतपुर-२ चितवन**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**
**फोनः ९८५६०२१९५८**

**यस सूर्य ब्लेण्डर्स प्रा.लि.बाट उत्पादित विभिन्न ब्राण्डका मदिराहरुको मूल्यसूची आ.ब. २०८०/०८१ का लागि मिति २०८०/०४/०३ देखि लागु हुने गरी मिति २०८०/०२/२४ मा पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्यसूची नै यथावत गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

SURYA BLENDERS

**सूर्य ब्लेण्डर्स प्रा. लि.**
**आँबुखैरेनी, तनहूँ**

**यस स्नोम्यान वाईनरी प्रा. लि. बाट उत्पादित विभिन्न ब्राण्डका वाईनहरुको मूल्यसूची आ.ब. २०८०/०८१ का लागि मिति २०८०/०४/०३ देखि लागु हुने गरी हाललाई मिति २०७९/११/२८ गतेको पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्यसूची बमोजिम नै कायम गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

snowman

**स्नोम्यान वाईनरी प्रा. लि.**
**पनौती, काभ्रे**

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०३/३१**

यस कार्यालयमा मिति २०७७/०७७/०७८ मा कास्की जिल्ला पोखरा-१९, कास्कीमा संचालन गर्ने गरि पोखरा-१९ कास्की निवासी **सकुन्तला के.सी.**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७३०२/०७७/०७८ (४०७८) को **सृजनशील लामाचौर खाजा घर** नामक फर्मको प्रोप्राईटरले मिति २०८०/०३/३१ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# तातोपानी कुण्डको आम्दानी एक करोड ३७ लाख

**रासस**
म्याग्दी, २ साउन

प्राकृतिक उपचारस्थलको रूपमा परिचित म्याग्दीको सिङ्गा तातोपानी कुण्डमा एक वर्षको अवधिमा रु एक करोड ३७ लाख आम्दानी भएको छ । आर्थिक वर्ष २०७९/८० मा प्रवेश शुल्कलगायत विभिन्न शीर्षकमा सो आम्दानी भएको हो ।

म्याग्दी नदीको किनारमा प्राकृतिक रूपमा निस्कने ५० डिग्री सेल्सियस तातोपानी सङ्कलन गरिएको तलाउमा स्नान गरेर उपचार र अवलोकनका लागि तातोपानीमा आउने पाहुनाले तिर्ने प्रवेश शूल्क आम्दानीको मुख्य स्रोत हो । कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले भन्नुभयो- “बिरेनूनको गन्ध नआउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको लगायत निको हुने गरेको छ ।” गत आर्थिक वर्षमा १८ हजार २०८ जनाले स्नान गरेका थिए । बिरामीले स्नान गर्ने कुण्डमा प्रवेश शुल्कबापत रु ६२ लाख ९७ हजार र पाहुनाले स्नान गर्ने कुण्डबाट रु २५ लाख ८८ हजार आम्दानी भएको छ । चन्दाबापत रु चार लाख सोह्र हजार, मन्दिरको भेटी रु पाँच लाख ३० हजार, आजीवन सदस्यताबाट रु तीन लाख आठ हजार तथा ब्याजबाट रु १७ हजार आम्दानी भएको छ । प्रवेश शुल्क र चन्दा सहयोग बापत उठ्ने रकममध्ये २५ प्रतिशत बेनी नगरपालिका र १३ प्रतिशत आन्तरिक राजस्व कार्यालयमा कर बुझाउने अध्यक्ष खड्काले बताउनुभयो । तातोपानी सङ्कलन गरिएको तलाउमा एक पटकमा तीन सय ५० देखि चार सय जनाले स्नान गर्न सक्ने क्षमता छ । सात दिन स्नानका लागि प्रतिव्यक्ति रु. तीन सय ५० शूल्क तोकिएको छ । बिरामी र छोटो अवधि स्नान गर्नेका लागि फरक फरक कुण्ड छन् ।

अध्यक्ष खड्काका अनुसार कुण्डको आम्दानीबाट तातोपानीको सरस्वती माविका ६ निजी शिक्षकको तलबका लागि रु १३ लाख ६४ हजार उपलब्ध गराइएको छ । कुण्डका कर्मचारीको तलबमा रु ११ लाख ३३ हजार, संरचना निर्माण र मर्मतमा रु दश लाख ८९ हजारसहित कूल रु एक करोड ३६ लाख १९ हजार खर्च भएको छ । आर्थिक वर्ष २०७८/७९ मा रु एक करोड १७ लाख २२ हजार, आव २०७७/७८ मा रु ७८ लाख एक हजार, आव २०७६/७७ मा रु एक करोड १३ लाख ४९ हजार, आव २०७५/७६ मा रु ९९ लाख ४२ हजार तथा आव २०७४/७५ मा रु ६५ करोड छ लाख आम्दानी भएको थियो । यस्तै आर्थिक वर्ष २०७४/७५ मा रु २६ लाख ५७ हजार, आव २०७५/७६ मा रु ९६ लाख १० हजार, आव २०७६/७७ मा रु एक करोड १४ लाख २३ हजार, आव २०७७/७८ मा रु एक करोड १४ लाख ५२ हजार तथा आव २०७८/७८ मा रु एक करोड ९० लाख ५६ हजार खर्च भएको छ ।

# हिउँदे सिँचाइका लागि पानी सङ्कलन

**रासस**
गोरखा, २ साउन

गोरखाको भीमसेन थापा गाउँपालिका-८ बोर्लाङस्थित महादेवटार फाँटमा हिउँदे सिँचाइका लागि पानी सङ्कलन गर्न पोखरी निर्माण गरिएको छ ।

सुक्यायाममा बाँझो जमिनमा सिँचाइ सुविधा पुर्‍याउन पोखरी निर्माण गरिएको वडाध्यक्ष बिष्णुकुमार श्रेष्ठले जानकारी दिनुभयो । करिब पाँच सय रोपनी बाँझो जमिनमा सिँचाइ सुविधा पुग्ने गरी पोखरी निर्माण गरिएको उहाँले बताउनुभयो । बूढीगण्डकी नदीको पानी तानेर पोखरीमा जम्मा गर्ने र हिउँको सुक्यायाम महादेवटार फाँटमा हिउँदे तरकारी बालीमा सिँचाइको सुविधा पुर्‍याइने वडाध्यक्ष श्रेष्ठको भनाइ छ । महादेवटार लिफ्ट सिँचाइ योजनाअन्तर्गत गण्डकी प्रदेश सरकारमार्फत पोखरी निर्माणका लागि बजेट प्राप्त भएको उहाँले बताउनुभयो । “महादेवटार ठूलो टार हो, सिँचाइ अभावका कारण हिउँदयाममा जमिन त्यत्तिकै बाँझो राख्नुपर्ने बाध्यता यहाँका किसानको छ, तरकारी खेतीका लागि मात्र भने पनि मोटर लगाएर नदीबाट पानी तानेर सिँचाइ गर्ने गरी पोखरी निर्माण गरिएको हो”, वडाध्यक्ष श्रेष्ठले भन्नुभयो । पोखरी निर्माण सम्पन्न भएपछि महादेवटारका करिब दुई सय घरपरिवारले करेसाबारीमा हिउँदे सिँचाइ सुविधा प्राप्त गर्ने स्थानीयवासीरामकुमारदरैलेजानकारी दिनुभयो । “नदीमा मोटर जडान गरी फलामको पाइपमार्फत पोखरीसम्म पानी तान्ने व्यवस्था गरिएको छ”, उहाँले भन्नुभयो, “यो योजनाबाट यहाँका स्थानीयले तरकारी खेती गरी पर्याप्त लाभ लिनसक्ने सक्नेछन् ।” पोखरीमा जम्मा हुने पानीबाट महादेवटार क्षेत्रका करिब पाँच सय रोपनीभन्दा बढी जमिनमा हिउँदका बेलामा तरकारी खेतीमा सिँचाइ गर्न सकिने उहाँको भनाइ छ । “लिफ्टमार्फत बूढीगण्डकीको पानी तानेर पोखरीमा पानी जम्मा गरी हिउँदमा तरकारी बालीमा सिँचाइ गर्ने योजनाअनुसार पोखरी निर्माण गरिएको हो”, उहाँले भन्नुभयो, “योजना सम्पन्न भए पनि कम्तीमा यहाँका स्थानीयवासीले आफ्ना लागि आफैँले तरकारी खेती गर्न पाउने भएपछि बाहिरबाट तरकारी आयात गर्नुपर्ने हाम्रो बाध्यता पनि हट्छ ।” योजना सम्पन्न भए पनि आगामी हिँउददेखि महादेवटारका किसानले हिउँदे तरकारी बालीका लागि सिँचाइ सुविधा प्राप्त गर्ने स्थानीयवासी दरैले बताउनुभयो । योजना सम्पन्न गर्न स्थानीयवासीले उपभोक्ता समितिमार्फत पोखरी निर्माण गरिरहेको उहाँले जानकारी दिनुभयो ।

# अधिकमास अर्थात् मलमास सुरु

**–पूर्णप्रसाद मिश्र**
काठमाडौं, २ साउन

प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास आजदेखि सुरु भएको छ ।

साउन ३१ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार तीन सय ६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चान्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको उक्त समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेल बताउनुहुन्छ ।

चान्द्र मासमा दुईवटा सङ्क्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ । ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासका बारेमा गर्नुभएको चर्चामा भनिएको छ-

‘असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद् ।
द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित् ॥’

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो । दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो । क्षयमास भने कहिले कहिलेकाँही मात्र हुने गरेको छ । यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री शिव पोखरेलको भनाइ छ । क्षयमास कात्तिक, मङ्सिर र पुसमा पर्ने गरे पनि प्रायः मङ्सिर र पुसमै पर्छ । कात्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ । माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन । बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ । क्षयमास हुने वर्षमा दुई अधिकमास नियमित पर्छ । यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन् । क्षयमासभन्दा पहिले हुने अधिकमासलाई ‘संसर्प’ र पछि हुने अधिकमासलाई ‘अंहस्पति’ भनिन्छ । सबै मासका देवता हुन्छन् । मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे । सो गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक ग्रन्थमा उल्लेख गरिएको छ ।

अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ । नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ । पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुवात गर्नु नहुने परम्परा छ । मलमासको समयमा महादान, माङ्गलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्नु हुँदैन । यसैगरी गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन । नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ । बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नु हुँदैन ।

मच्छेनारायण (मत्स्यनारायण) मेला सुरु

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ । यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ । मलमासको अवधिभर मच्छेनारायणमा टाढाटाढाबाट लाखौँ भक्तजन दर्शनका लागि आउने गरेका छन् । मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तममास माहात्म्य वाचन हुने चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरी बताउनुहुन्छ । यो महिनामा भगवान् नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त हुने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ । सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ । माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शङ्ख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो । मत्स्यरुपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ । यसअघि २०७७ साल असोज महिनामा अधिकमास परेको थियो । यो महिनामा वैदिक सनातन धर्मावलम्बीले घर घरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुन्ने गर्दै आएका छन् ।

# अब कुकुर पाल्न दर्ता अनिवार्य

**पोखरापत्र संवाददाता**
बागलुङ, २ साउन

बागलुङ नगरपालिकाले छाडा कुकुर, सामुदायिक कुकुर र घरपालुवा कुकुरको व्यवस्थापनका लागि कुकुर दर्ता गर्ने काम थालेको छ । नगरपालिकाले चालु आर्थिक वर्षदेखि घरपालुवा कुकुरको अनिवार्य दर्ता गर्नुपर्ने नीति लिएको हो ।

नगरपालिकाले कुकुर दर्तासँगै रेबिज विरुद्धको खोप प्रदान गर्ने, छाडा कुकुर नियन्त्रण गर्न बन्ध्याकरण गर्ने, घरपालुवा कुकुरको तथ्याङ्क सङ्कलन गर्ने, दर्ता गर्ने र निःशुल्क औषधि उपचार तथा परामर्श दिन थालेको हो । नगरभित्र रहेका छाडा कुकुरको व्यवस्थापन गर्न पालिकाले ‘घरपालुवा तथा सामुदायिक कुकुर व्यवस्थापन कार्यविधि-२०७९’ बनाएर कार्यान्वयनमा ल्याएको छ । कार्यविधि अनुसार घरपालुवा कुकुरको दर्ता गरी रेबिज विरुद्ध खोपको व्यवस्थापन गर्ने, छाडा कुकुर पाल्नका लागि कुकुर होस्टेल निर्माण गर्ने तथा मृत्यु भएका कुकुरको शव व्यवस्थापन गर्ने उल्लेख छ । कार्याविधि कार्यान्वयनअन्तर्गत कुकुर दर्ता गरी खोप कार्यक्रम सुरु गरिएको नगरपालिकाले जनाएको छ । चालु आर्थिक वर्षमा कुकुर होस्टेल स्थापना गरिने नगरपालिकाका पशु सेवा शाखाका प्रमुख मित्रलाल सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाले चालु आर्थिक वर्षमा छाडा कुकुर नियन्त्रण तथा होस्टेल निर्माणका लागि रू १५ लाख विनियोजन गरेको छ । नगरपालिकाले आर्थिक वर्षको पहिलो दिनबाटै कुकुर व्यवस्थापनका लागि घरपालुवा कुकुरको दर्ता गर्न थालेको प्रमुख सापकोटाले बताउनुभयो । घरपालुवा कुकुरको अनिवार्य दर्ता गर्नुपर्ने उहाँको भनाइ थियो । उहाँका अनुसार घरपालुवा कुकुरको दर्तासँगै भिटामिन, रेबिज र अन्य रोगको खोप प्रदान गर्न थालिएको छ भने घरधनीलाई कुकुर दर्ता प्रमाणपत्र प्रदान गर्न थालिएको छ । पशु सेवा शाखा प्रमुख सापकोटाका अनुसार कुकुर दर्ताका लागि रू दुई सय तिर्नुपर्नेछ भने नवीकरणका लागि रू एक सय तिर्नुपर्नेछ । नगरपालिकाले दर्ता भएका कुकुरलाई एक वर्षमा रू एक हजारभन्दा बढी सेवासुविधा दिने उहाँले बताउनुभयो । “घरधनीले नगरपालिकामा ल्याएर कुकुरलाई दर्ता गर्नुपर्नेछ । दर्ता गरेको कुकुरलाई एक वर्षसम्म खोप, उपचार र आवश्यक परामर्श निःशुल्क गर्नेछौं”, प्रमुख सापकोटाले भन्नुभयो, “नगरपालिकामा दर्ता भइसकेका कुकुरलाई दर्ता नं सहितको बेल्ट घाँटीमा बाँधेर पठाउँने गरेका छौं ।” घरपालुवा कुकुर हराएमा खोज्न सजिलो हुनुका साथै हराएको कुकुरले कसैलाई टोकेमा घाँटीमा बाँधिएको बेल्टका आधारमा कुकुरधनी पत्ता लगाउन सहज हुने उहाँले बताउनुभयो । सापकोटाका अनुसार घरपालुवा कुकुर स्वास्थ्यका कारण छाडा कुकुर हुन सक्ने सम्भावना रहेकाले पहिचानका लागि दर्ता गर्न थालिएको हो । नगरपालिकाले कुकुरको घाँटीमा बाँधेको पेटीमा गरिएको सङ्केतका आधारमा कुकुर धनी पत्ता लगाइने उहाँको भनाइ थियो । जिल्ला सदरमुकाम बागलुङ बजारमा छाडा कुकुरको समस्या बढेको भन्दै छाडा कुकुरलाई नियन्त्रणमा लिई कुकुर होस्टेलमा राखेर पालन पोषण तथा उपचार गर्ने नीति नगरपालिकाको रहेको छ । नगरभित्र छाडा कुकुरका कारण दुर्घटना बढ्नुका साथै छाडा कुकुरले टोक्दा रोग फैलिएको घटना बढ्दै गएकाले छाडा कुकुरलाई नियन्त्रण गरी होस्टेलमा राख्ने, हेरचाह गर्ने र कुकुर पाल्न चाहनेले अनिवार्य दर्ता गरी पाल्न पाउने नीति नगरपालिकाले लिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो । “नगरपालिकाले कुकुर व्यवस्थापन कार्य सुरु गरेको छ, नगरबासीको प्रमुख गुनासो कुकुरको समस्या भएकाले कार्यविधि बनाएर कुकुर व्यवस्थापन गर्न थालिएको हो”, उहाँले भन्नुभयो, “घरपालुवा कुकुर नै रोगी भएर वा मानासिक असन्तुलन भएर छाडा छोड्ने गरेकाले घरपालुवा कुकुरको अनिवार्य दर्ता गर्ने व्यवस्था गरेका छौं ।” उहाँले यसरी घरपालुवा कुकुर छाडा भएमा कुकुरधनीसँग जानकारी लिन सहज हुने बताउनुभयो । नगरपालिकाले साउन १ गतेदेखि कुकुर दर्ता गर्न थालिएको बताउँदै पहिलो दिन १२ वटा कुकुर दर्ता गरिएको बागलुङ नगरपालिकाको पशु सेवा शाखाले जानकारी दिएको छ ।

# चैते धान खेती प्रवर्द्धन गरिँदै

**– रामबहादुर थापा**
गण्डकी, २ साउन

गत वर्ष गण्डकी प्रदेशका किसानले पाँच हजार आठ सय ७० हेक्टर क्षेत्रफलमा मात्रै चैते धान रोपेका छन् । जुन आर्थिक वर्ष २०७८/७९ को तुलनामा एक हजार सात सय ३५ हेक्टरले कम हो ।

रोपाइँको क्षेत्रफलसँगै गत आवमा धान उत्पादन पनि घटेर २७ हजार चार सय ३७ मेट्रिक टनमा सीमित बन्यो । आर्थिक वर्ष २०७८/७९ मा ३२ हजार सात सय ७३ मेट्रिक टन धान फलेको थियो । उक्त वर्ष किसानले सात हजार छ सय पाँच हेक्टरमा चैते धान रोपेका प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

चैते धानको उत्पादन घटेको पाइए पनि गत वर्ष आठ दशमलव ४६ प्रतिशतले उत्पादकत्व वृद्धि भएको थियो । आर्थिक वर्ष २०७८/७९ मा प्रतिहेक्टरमा चार दशमलव ३१ मेट्रिक टन उत्पादन भएकामा गत वर्ष प्रतिहेक्टर चार दशमलव ६७ मेट्रिक टन उत्पादन भएको थियो । उत्पादन राम्रो दिने भए पनि बर्सेनि रोपाइँको क्षेत्रफल खुम्चदैँ जान थालेपछि प्रदेश सरकार र स्थानीय तहले चैते धान खेतीको प्रवर्द्धन थालेका छन् । चैते धानमा किसानलाई आकर्षित गर्न ‘चैते धान प्रवर्द्धन कार्यक्रम’ सञ्चालन गरिएको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो । “यस वर्ष नवलपुर, तनहुँ र गोरखामा विशेषबालीप्रवर्द्धनकार्यक्रमअन्तर्गत चैते धानलाई समेटेका छौं, अरू जिल्लाका किसानलाई पनि यसतर्फ प्रोत्साहित गर्छौं”, उहाँले भन्नुभयो, “किसानलाई सिँचाइ, बीउबिजन, उपकरण, प्रविधिलगायत आवश्यक सामाग्रीमा प्रदेश सरकारले सहयोग गर्छ ।”

प्रमुख रेग्मीले बर्सातका बेला भित्र्याउनुपर्ने हुँदा धान सुकाउनका लागि किसानलाई (सोलार ड्रायर) को खाँचो रहेको बताउनुभयो । ठूलो मात्रामा उत्पादन गर्ने किसानको धानलाई बजारको सुनिश्चितताका लागि प्रदेश सरकारले सहजीकरण गर्ने उहाँको भनाइ थियो । “मिल सञ्चालक र व्यापारीसँग जोडेर सहज रूपमा धान बिक्री गर्न सकियो भने किसान चैते धानमा आकर्षित हुन्छन्”, प्रमुख रेग्मीले भन्नुभयो । उब्जाउ जमिन नासिँदै जाँदा चैते मात्र नभएर समग्र धान खेतीको क्षेत्रफल बर्सेनि घटिरहेको निर्देशनालयको तथ्याङ्कले देखाउँछ । वर्षे धानको तुलनामा चेतै धानको क्षेत्र अझ खुम्चँदो छ । पोखरा महानगरको कृषि महाशाखा प्रमुख मनोहर कडरियाले चैते धान खेती लगाउने किसानलाई महानगरले प्रोत्साहन रकम दिने गरेको बताउनुभयो । उहाँका अनुसार महानगरले वडा नं १४, १५, २६ र २७ मा ‘चैते धान प्रवर्द्धन कार्यक्रम’ सञ्चालन गरेको छ । यस वर्ष वडा नं २६ मा चैते धान खेती गर्ने दुई सय ९५ र वडा नं २७ का एक सय दुईजना किसानलाई प्रतिरोपनी रू नौ सयका दरले प्रोत्साहन रकम प्रदान गरिएको प्रमुख कडरियाले जानकारी दिनुभयो । वडा नं १४ र १५ मा दुई सय ५० रोपनीमा चैते धान लगाएका किसानले पनि प्रोत्साहन रकम बुझेको उहाँको भनाइ थियो । “चैते धान खेती विस्तारका लागि प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिएको हो, गत वर्षदेखि किसानले उन्नत जातका बीउ लगाउन सुरु गरेका छन्, उत्पादन बढेपछि किसान पनि खुसी छन्”, उहाँले भन्नुभयो, “नयाँ सिफारिस भएको जात चैते-५ धेरै राम्रो छ, उत्पादन बढी दिन्छ, फल भुइँमा झर्दैन, दाना पनि पहिलेको भन्दा सानो छ ।”

वर्षेको तुलनामा चेतै धान पाक्न १५/२० दिन जति ढिलो हुने हुँदा लगाउने समयलाई अगाडि सार्नुपर्ने देखिएको प्रमुख कडरियाले बताउनुभयो । उहाँका अनुसार पोखरा महानगरमा करिब दुई हजार रोपनी क्षेत्रफलमा चैते धान खेती हुँदै आएको छ । “बाह्रैमास सिँचाइ सुविधा भएका र खोला आसपास क्षेत्रका खेतमा चैते धान लगाउन सकिन्छ, एउटै खेतमा दुई पटकसम्म धान रोप्दा चामलको आयात पनि घट्छ, किसानले धान बेचेर आयआर्जन गर्न सक्छन्”, उहाँले भन्नुभयो ।

चैते धानसहित अन्य रैथाने बालीको संरक्षणमा महानगरले सहयोग गर्दै आएको प्रमुख कडरियाको भनाइ थियो । उहाँले जथाभावी रूपमा उब्जाउ फाँट घरघडेरीमा परिणत हुँदा धान खेतीको क्षेत्रफल बर्सेनि घट्दै गएको बताउनुभयो । कृषियोग्य जग्गामाथिको अतिक्रमण रोक्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# डेङ्गु सङ्क्रमण ह्वात्तै बढ्यो

**रासस**
बागलुङ, २ साउन

पछिल्लो समय डेङ्गु सङ्क्रमण बढेको पाइएको छ । पानी लगातार पर्न थालेपछि डेङ्गु सङ्क्रमण उच्च भएको हो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीले एक हप्तायता सङ्क्रमण बढेको बताउनुभयो ।

उहाँका अनुसार लगातार परिरहेको पानीले गर्दा सरसफाइमा ध्यान पुग्न सकेको छैन । सोही कारण सङ्क्रमण दैनिक बढिरहेको छ । पानी परेसँगै पानी जम्ने र जमेको पानीमा लामखुट्टेका लार्भा बढ्न थालेर सङ्क्रमण दिनानुदिन बढिरहेको निर्देशक मरासिनीले जानकारी दिनुभयो । डेङ्गु पानी जम्ने सफा ठाउँमा ‘एडिज एजिप्टी र एडिस एल्बोपिक्टस’ प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुल लार्भा बन्छ र त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोक्छ र डेङ्गु सङ्क्रमण हुन्छ । एक हप्तामा बीचमा एक हजारभन्दा बढी डेङ्गुका बिरामी भेटिएका छन् । महाशाखाका अनुसार यही असार २७ गते एक हजार तीन सय ३७ सङ्क्रमण भएकोमा साउन १ गतेसम्म आइपुग्दा सङ्ख्या बढेर दुई हजार नौ सय ३० जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । यसपटक कोशी प्रदेशमा सङ्क्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा एक हजार सात सय ४६, बागमती प्रदेशमा चार सय ६८, सुदूरपश्चिम प्रदेशमा दुई सय ७९, गण्डकी प्रदेशमा दुई सय ६९, लुम्बिनी प्रदेशमा एक सय ३४, कर्णाली प्रदेशमा १८ जना र मधेस प्रदेशमा १६ जनामा सङ्क्रमण देखिएको छ । नयाँ देखिएका बिरामीमध्ये ८२ प्रतिशत बिरामी १० जिल्लाका रहेका छन् । सबभन्दा बढी सुनसरी जिल्लामा एक हजार पाँच सय ७१, धादिङ दुई सय ५६, दार्चुला एक सय ८८, कास्की एक सय ४९, सङ्खुवासभा ५८, काठमाडौँमा ४६, कन्चनपुर ३९, भक्तपुर ३५, म्याग्दी ३५ र झापा ३२ जनामा डेङ्गुका बिरामी भेटिएका छन् । नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपंक्षी व्यवस्थित ढङ्गले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने आग्रह गरेको छ ।